त्यो व्यक्ति अपमानित होस्, त्यो व्यक्ति अपमानित होस्, त्यो व्यक्ति अपमानित होस्।" सोधियो: "को? हे अल्लाहका रसूल?" उहाँले भन्नुभयो: "जसले आफ्ना आमाबुबा दुवैलाई वा तीमध्ये एकलाई बुढेसकालमा पाउँछ, तर (उनीहरूको सेवा गरेर) स्वर्गमा प्रवेश गर्दैन।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "त्यो व्यक्ति अपमानित होस्, त्यो व्यक्ति अपमानित होस्, त्यो व्यक्ति अपमानित होस्।" सोधियो: "को? हे अल्लाहका रसूल?" उहाँले भन्नुभयो: "जसले आफ्ना
आमाबुबा दुवैलाई वा तीमध्ये एकलाई बुढेसकालमा पाउँछ, तर (उनीहरूको सेवा गरेर)
स्वर्गमा प्रवेश गर्दैन।"
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले यस्तो व्यक्ति अपमानित होस् र उसको नाक माटोमा घसारियोस् भनेर तीन पटक श्राप दिनुभयो। सोधियो: हे अल्लाहका दूत, को हो त्यो व्यक्ति जसलाई हजुरले श्राप दिनुभयो? उहाँले भन्नुभयो: जसले आफ्ना आमाबाबु दुवै वा तीमध्ये एकलाई बुढेसकालमा पाउँछ, तर उनीहरूको सेवा गरेर स्वर्गमा प्रवेश गर्दैन; यो उनीहरूप्रतिको नराम्रो व्यवहार र अनाज्ञाकारिताको कारणले हो।

http://www.sunnah.global/hadeeth/ne/show/3718